२६

# राष्ट्रिय सूचना आयोगको
## आदेश

मु.नं. ११५/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ..............................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ..................................१ विपक्षी

सूचना अधिकारी, मुद्रण विभाग, सिंहदरवार, काठमाडौं ..............................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले मुद्रण विभाग, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२१ मा निवेदन गरेको र यस आयोगवाट मिति २०७१।०९।१ को आदेश बमोजिम मुद्रण विभाग, सिंहदरवार, काठमाडौंको मिति २०७१।१०।९, च.नं. ५७१, प.सं. क.प्र./०६/०७०/०७१ च.नं. २५३ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| .......................... | .......................... | .......................... |
| यशोदा देवी तिम्सिना | किरण कुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७१ साल माघ २२ गते रोज ५ शुभम् ।